

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com



नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 26 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६७


## अस्पतालले भर्ना नलिएपछि छोरीको मृत्यु– आमा कुमारी विक
## अस्पतालहरूको आआफ्नै सफाइ

प्रस, वीरगंज, ११ जेठ/

रौतहट जिल्ला, गुजरा नगरपालिका–४ कनकपुर निवासी १७ वर्षीया सविना विकको सोमवार राति वीरगंजको अस्पतालले भर्ना लिन नमानेपछि एम्बुलेन्समैं मृत्यु भएको छ ।

सविनाकी आमा कुमारी विकले चन्द्रपुरस्थित जनता अस्पतालले वीरगंज रेफर गरेको र साँझ ५ बजे वीरगंज आइपुगेको र सर्वप्रथम वीरगंज हेल्थकेयरमा छोरीलाई उपचारको लागि एम्बुलेन्समा राखेर लगेको बताइन् । उनले त्यहाँ पौने १ घण्टा भर्नाको लागि कुराएर राखेको र पछि भर्ना नहुने भनी फर्काइदिएको बताइन् । त्यहाँबाट घण्टाघर, लिङ्करोडस्थित भवानी हस्पिटलमा लगेको र त्यहाँ पनि आधा घण्टा एम्बुलेन्समैं राखेर भर्ना नहुने भनी फर्काइएको बताइन् । दुईवटा अस्पतालबाट फर्काइएपछि आफू छोरीलाई लिएर नारायणी अस्पताल गएको र त्यहाँ पनि भर्ना नगरी नेशनल मेडिकल कलेज लैजान भनिएको र छोरीलाई त्यहाँ लैजाँदा अस्पतालले मृत घोषित गरेको बताइन् ।

अस्पताल लैजाने क्रममा बाटोमैं मृत्यु भएको चिकित्सकले बताएको उनले भनिन् । सविना एक वर्षदेखि मिर्गौला रोगबाट पीडित थिइन् । उनको काठमाडौंमा डायलोसिस हुँदै आएको थियो र चन्द्रपुरस्थित जनता अस्पतालमा डायलोसिस नभएपछि उनलाई त्यहाँका चिकित्सकले वीरगंज पठाएका थिए ।

वीरगंजका अस्पतालले भर्ना नलिएपछि छोरीको अकालमा मृत्यु भएको आमा कुमारी विकले बताइन् ।

### तीनवटा अस्पतालको तीनथरी भनाइ

वीरगंज हेल्थकेयरका सञ्चालक डा अबुलेस अन्सारीले डायलोसिसको लागि सविना विक भन्ने रोगी अस्पतालमा नआएको दाबी गरे । उनले आफ्नो अस्पतालमा अहिले कुल २० जना रोगी भएको र डायलोसिसका बिरामीहरूको उपचार सहज हुन सक्ने बताए । डा अन्सारीले एम्बुलेन्स चालकले आफ्नो अस्पतालमा बिरामी नल्याउने गरेको उनले बताए । एम्बुलेन्स चालकहरूको कमिशन फिक्स हुने गरेको र आफ्नो अस्पतालले कमिशन नदिंदा बिरामी नल्याउने गरेको उनको स्पष्टोक्ति थियो ।

भवानी हस्पिटलका सञ्चालक रामराज श्रेष्ठले आफ्नो अस्पतालमा डायलोसिस नहुने भएकोले फर्काइएको बताए । उनले शुरूमैं अस्पतालमा नल्याउन सुझाव दिएको तर एम्बुलेन्समा बिरामी लिएर आएपछि डायलोसिस नहुने भनेर नारायणी अस्पताल अथवा नेशनल मेडिकल कलेज लैजान सुझाव दिएको बताए ।

नारायणी अस्पतालका डा दीपक चौरसियाले आकस्मिक कक्षमा बिरामी ल्याइएको र सामान्य कक्षमा भर्ना गर्न भन्दा आइसियू खोजेको र आइसियू भरिभराउ भएको हुँदा बिरामीका अभिभावकले बिरामीलाई लिएर अन्यत्र गएको बताए । उनले आकस्मिक कक्षमा ड्युटीमा रहेका डा सहाबुद्दीनले अस्पताललाई जाहेर गरेको कुरा आफूले बताएको जनाएका छन् ।

## निषेधाज्ञाको कारण सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या

प्रस, सेढवा, ११ जेठ/

लकडाउन र निषेधाज्ञाका कारण लक्षित वर्गले सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् ।



जीराभवानी गापाको सेढवास्थित एनआइसी एशिया बैंकमा खाता खोल्न पालो पर्खिरहेका सेवाग्राहीहरू । तस्वीरः फाइल/प्रतीक

नेपाल सरकारले लक्षित वर्गलाई बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा निषेधाज्ञाका कारण बैंक सातामा केही दिन मात्र खुल्ने गरेका कारण सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाइ भएको हो ।

ठोरी, जीराभवानी, जगरनाथपुर, धोबिनी, पटेर्वासुगौलीलगायत गाउँपालिकाहरूमा हालसम्म दोस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण भएको छैन । बैंकले प्रभावकारी सेवा प्रवाह नगरेका कारण भत्ता नपाएको जीराभवानी गापा–१ की एकल महिला भुलनीदेवी थरुनीले दुःखेसो पोखिन् । उनले गापाबाट भत्ताको रकम निकासा गरिसकेको र बैंकमा पटक–पटक जाँदा रकम नपाएको बताइन् ।

जीराभवानी गापा–५ का ज्येष्ठ नागरिक भुलन खवासले धेरैपटक बैंक धाए पनि भत्ता पाएको दुःख पोखे । लकडाउन र कोरोना महामारीको समयमा सबैलाई पैसाको अभाव भएकोले समयमैं भत्ता वितरण गरे वृद्धवृद्धाको दैनिकी सहज हुने उनले बताए ।

एनआइसी एशिया बैंक जीराभवानी शाखाका मैनेजर अब्दुल फरमानले राष्ट्र बैंकले साताको दुई दिन मात्र पच्चीस प्रतिशत कर्मचारी राखेर बैंक सञ्चालन गर्न निर्देशन दिएको हुँदा समस्या भएको बताए । बैंकमा भत्ता रकम आए पनि लकडाउनको कारण वितरणमा समस्या भएको उनले बताए । उनले एकै दिन एक सयभन्दा बढीलाई भत्ता वितरण गरेको पनि बताए ।

जीराभवानी गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले दोस्रो चौमासिकको रकम २५ दिनअघि


(बाँकी अन्तिम पातामा)


## दूरबीन विधिबाट शल्यक्रिया गरी फोक्सोभित्रको फलाम निकालियो

प्रस, परवानीपुर, ११ जेठ/

प्रदेश नं २ मैं पहिलोपटक फोक्सोको शल्यक्रिया गरी त्यसभित्र फसेको



नारायणी वयोधा अस्पताल । तस्वीरः फाइल

फलामको टुक्रा निकालिएको छ ।

यस्तो शल्यक्रिया वीरगंज, गण्डकमा रहेको नारायणी वयोधा अस्पतालको चिकित्सक टोलीले गरेको अस्पतालले जनाएको छ । दूरबीन विधि (भिडियो असिस्टेड थोराकोस्कोपिक सर्जरी–भिएटिएस)ले गरिने यो शल्यक्रिया निकै जटिल मानिन्छ । वीरगंजको एक कारखानामा कार्यरत आसाम भारत निवासी पप्पु बोहराको कामकै सिलसिलामा भएको दुर्घटनामा फलामको एउटा टुक्रा वेगले उछिट्टिएर उनको दाहिने छाती छेडेर फोक्सोमा पुगेको थियो । उनी वीरगंजको एक अस्पतालमा उपचारका लागि गए पनि उपचार सम्भव नभएको भन्दै काठमाडौं रेफर गरिएको थियो । तर उनी एकपटक नारायणी वयोधा अस्पतालमा उपचारको लागि जाँदा सिटी स्क्यान गरेर हेर्दा फलामको टुक्रा दाहिने फोक्सोभित्र रहेको देखिएपछि तत्काल शल्यक्रिया गर्ने तयारी थालियो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रजनीश भारतीका अनुसार डा सौरभ शर्माको टोलीले दूरबीन विधिबाट सफल शल्यक्रिया गरी उक्त फलामको टुक्रा निकालेको थियो । दूरबीन विधिबाट शल्यक्रिया भएकोले सानो घाउबाट नै शल्यक्रिया गर्न सम्भव भएको थियो ।

नारायणी वयोधा अस्पतालले स्थापनाकालदेखि नै विभिन्न आधुनिक र विशिष्ट प्रविधि भित्र्याएर जटिल रोगको उपचार गर्दै आएको छ । यसअघि वयोधा अस्पतालमा दूरबीन विधिबाट पित्तको थैली, एपेन्डिक्स, विभिन्न प्रकारका हर्निया, मिर्गौला, ठूलो आन्द्रा खस्नेलगायतका रोगहरूको शल्यक्रिया गर्दै आएको छ । जुन प्रदेश २ का अस्पतालमा नौलो मानिन्छ ।

## लागूऔषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, ११ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले ८८ बोतल लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ ।

वीरगंज महानगर–१७ अलौंस्थित खाली जमीनमा लुकाइ राखिएको ८८ वटा बोतल विनसिरेक्ससहित वीरगंज–१७ बस्ने ३५ वर्षीय अमरुल्लाह अन्सारी र ४० वर्षीय सकुन नेशा पवरियालाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ । उनीहरूले भारतबाट सो लागूऔषध खरीद गरी नेपालमा बिक्री गर्ने उद्देश्यले ल्याएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवैजनालाई लागूऔषध मुद्दामा अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मङ्गलवार ४१ जनामा सङ्क्रमण पुष्टि

प्रस, वीरगंज, ११ जेठ/

नारायणी अस्पताल वीरगंजमा मङ्गलवार ४१ जना सङ्क्रमित पुष्टि भएका छन् ।

अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले १९२ जनाको स्वाब परीक्षण गर्दा ४१ जना सङ्क्रमित पुष्टि भएको बताए । उनले पर्साका २४ जना, बाराका १० जना, सर्लाहीका ४ जना महोत्तरीका २ जना र रौतहटका १ जना गरी ४१ जना सङ्क्रमित भएको बताए ।

सङ्क्रमितमध्ये २५ जना पुरुष र १६ जना महिला छन् । उनीहरूको उमेर १४ देखि ८५ वर्षसम्म रहेको र सिटी भ्याल्यू १७.४ देखि ३४.६ सम्म रहेको डा दासले बताए ।

## ठोरीका किसानहरू रोपाइँको तयारीमा धानको बीउ ब्याड राख्दै

प्रस, ठोरी, ११ जेठ/

असार महीनाको तयारीको लागि ठोरीका किसानहरूले धानको बीउ राख्न थालेका छन् । दोस्रो लहरको कोरोना सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि पर्सामा जारी निषेधाज्ञाको बेवास्ता गर्दै अधिकांश किसानले सीमावर्ती भारतीय बजारबाट धानको बीउ खरीद गरेर ब्याड राख्न शुरू गरेका छन् ।

ठोरीमा चैते धान लगाएका र हिउँदे मकैखेती गरेकाबाहेक अन्य किसानहरूलाई जेठको दोस्रो साता बित्न नपाउँदै धानको बीउ छर्ने हतारो परेको छ । ठोरीमा अधिकांश किसानले भदौको अन्तिम वा असोजको पहिलो सातासम्म पाक्ने धानखेती गर्छन् । निरन्तर पानी बगिरहने कुलो भएको वडा २ र ३ का केही किसानले ढिलो पाक्ने धान लगाउने गरेका भएपनि अधिकांश किसानको खेतमा भने भदैया धानको खेती हुने गरेको छ । आकाशे पानीको भरमा खेती गर्ने किसानहरूलाई जेठको दोस्रो सातासम्म धानको बीउको ब्याड राख्नुपर्ने बाध्यता छ ।

सामान्यतया असारमा मनसुन धेरै हुने आशामा सिंचाइ सुविधा नभएका ठाउँका किसानले करीब एक महीना अगावै ब्याड राख्ने गरेको ठोरी गापा–४ का किसान रत्नबहादुर श्रेष्ठ बताउँछन् । आकाशे पानीको भरमा रोपाइँ गर्नुपर्ने भएकोले ढिलो बीउ छर्दा पानी नपरेर खेत बाँझो रहने श्रेष्ठले बताए ।

ठोरीमा केही दिनअघि परेको पानीले किसानलाई धानको ब्याड राख्न सजिलो बनाएको छ । खेतमा चिस्यान भएकोले सजिलै बीउ उम्रने ठोरी गापा–४ का किसान रामचन्द्र रिसालले बताए ।


धानको बीउ राख्न ब्याड सम्याउँदै किसानहरू । तस्वीरः प्रतीक

ठोरीमा सिंचाइ सुविधा भएको खेतमा उन्नत प्रजातिका धानखेती हुने गरेको भएपनि सिंचाइ सुविधा नभएका खेतमा निश्चित प्रजातिको मात्र धानखेती हुने गरेको छ । ठोरीमा सावित्री, हर्दीनाथ, युएस ३१२, भदै मन्सुली, चाइना बोरु, लोकनाथलगायत प्रजातिका धानखेती हुन्छन् । तर सिंचाइ सुविधा नभएका ठाउँका किसानले चाइना बोरु, हर्दीनाथ र भदै मन्सुलीको खेती गर्ने गरेका छन् । छिटो पाक्ने तथा खेतमा पानी कम लाग्ने प्रजातिका धान भएकोले सिंचाइ सुविधा नभएका खेतका किसानले सामान्यतया यी तीन प्रजातिका धान मात्र लगाउने गर्छन् ।

**भारतीय बीउ नै किसानको रोजाइमा**

निषेधाज्ञा भएपनि ठोरीमा यो वर्ष धानको बीउको अभाव छैन । पालिकाभित्र व्यापारीहरूले नेपालमा सिफारिश गरिएका विभिन्न प्रजातिका धानको बीउ बिक्री गरिरहेका छन् । यस्तै, यस वर्ष ठोरी गापाले समेत युएस ३१२ प्रजातिको धानको बीउ ५० प्रतिशत अनुदानमा बिक्री गरेको छ । तैपनि किसानहरूको आकर्षण भने भारतीय बीउमैं छ ।

नेपालमा सिफारिश गरिएका धानको बीउभन्दा भारतीय धानको बीउ धेरै फल्ने सीमावर्ती भारतीय बजारमा बीउ लिन गएका ठोरी गापा–५ सुवर्णपुरका किसान हरिप्रसाद चौलागाईंले बताए । सुवर्णपुरमा नै धानको बीउ पाइने भएपनि चौलागाईंले भारतीय बजारबाट धानको बीउ ल्याएका हुन् ।

पछिल्लो समय सिंचाइ सुविधा नभएको ठोरी गापा–४ मा भदै मन्सुली प्रजातिको धानको बीउ किसानको रोजाइमा छ । भदै मन्सुली धानको बीउ भारतीय बजारमा सहजै पाइने भएकोले निषेधाज्ञाको समयमा प्रहरीको आँखा छलेर नेपालीहरू सीमावर्ती भङ्गाहा, इनर्वालगायतका बजारमा जाने गरेका छन् ।

कोरोनाको जोखिम भएपनि भदै मन्सुली धानको बीउ लिन भङ्गाहा जानुपर्ने बाध्यता भएको ठोरी गापा–४ का किसान ठूलोकान्छा पाख्रिनले बताए । भारत, बिहारमा लकडाउनका कारण बिहान १० बजेसम्म मात्र अत्यावश्यक वस्तु बिक्री गर्ने पसल खुलेका हुन्छन् । त्यस कारण त्यहाँ धानको बीउ किन्ने नेपाली किसानहरूको घुइँचो लाग्ने गरेको भङ्गाहानजीकै सिमाना जोडिएको नेपाली गाउँ बलुवाका एकजना स्थानीयले बताए । उनका अनुसार भङ्गाहाका व्यापारीहरूले महँगोमा धानको बीउ बिक्री गर्ने गरेका भएपनि नेपाली किसानहरू भारतीय बीउ किन्न आउने गरेका छन् ।

## विचारसार र सूक्तिहरू

जीवनको अर्थ हो– यस्तो तत्परता जसले निरन्तर कहीं केही भलाई गर्न सक्ने अवसर खोजिरहन्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# तर तस्करी रोकिंदैन

सरकार र स्थानीय प्रशासनले निषेधाज्ञा थप्दै, लम्ब्याउँदै झन्डै महीना दिन पुऱ्याउन थाल्यो । यद्यपि यसपटक नागरिकस्तरबाट निषेधाज्ञा उल्लङ्घन गरेको र सुरक्षाकर्मीले बल प्रयोग गरेको समाचार त्यति सारो सुनिएको छैन । यो नागरिकले सरकारलाई पुऱ्याएको सहयोग हो । तर पनि सडकमा थोरै भए पनि सुरक्षाकर्मी परिचालित छ, सद्बुद्धि देखाउँदै नागरिक गतिविधि पनि जारी छ। यो सुखद अवस्था हो, कामको हर्जा पनि नहुने, नागरिक प्रताडित पनि बन्नु नपर्ने। नागरिक सतर्क छ, सुरक्षाकर्मी र प्रशासन सजग छ, तर के कोरोना सङ्क्रमण फैलन नदिनका लागि मात्र ? कोरोनाको भयावहता, निषेधाज्ञा, सामाजिक हेलमेलमा नागरिक न्यूनताबीच; तस्करी फस्टाएको समाचार भने निरन्तर आइरहेको छ । तस्करी क्रस–बोर्डर मात्र होइन, वन–जङ्गलमा पनि भइरहेको छ, नदी, खोलानालामा पनि तस्करी भइरहेको छ। कोरोनाको निहुमा यी सबैबाट सरकारले पन्छिन मिल्छ ? किनकि कोरोना महामारी तात्कालिक हो, यो जसरी आयो, त्यसैगरी जान्छ पनि । आफैं जाँदैन भने खोपको उपचारबाट भाग्छ।

यहाँ प्रश्न उठाउन सकिन्छ, कोरोना विभिन्न भेरिएन्टमा देखापर्छ । मानिसले पनि आज जुन खोप छ, त्यसभन्दा बढी असरदार खोप बनाउँछ र अन्ततः यसको प्रभावशाली उपचार खोज्छ । यसबीच जो स्वास्थ्य सतर्कताबाट विमुख छ, जसले कोरोनाबाट जोगिने मापदण्ड पालना गरेको छैन, उसले लापरवाहीको सजाय पाउँछ। तर कर्तव्य भनेको सदा रहिरहने चीज हो । कोही आफ्नो कर्तव्यबाट विमुख हुन सक्दैन, हुनुहुँदैन। कर्तव्य विमुखताले ल्याउने महामारीको कुनै उपचार छैन। आज वन–जङ्गल मासिंदो छ, अन्य प्राकृतिक सम्पत्तिको पनि चरम दोहन जारी छ। यसले वातावरणमा जुन प्रतिकूलता ल्याउँछ, समग्र पर्यावरणमा जुन खलबली मचाउँछ, त्यसको कुनै उपचार छैन । त्यसको अन्तिम परिणति धरतीबाट प्राणीमात्रको अस्तित्व नाश मात्र हो । आजको तात्कालिक समस्याबाट मुक्त हुनु जरूरी छ, तर यसैमा अलमलिएर अपूरणीय क्षतिको कारक बन्नु कुनै पनि अर्थमा बुद्धिमानी होइन । आज यदाकदा सामाजिक अपराधका घटनाबाहेक अन्य घटनामा कमी आएको बेला सुरक्षाकर्मीको गतिविधिमा पनि कमी आएको मान्नैपर्छ । यस्तो अवस्थामा जुन ठाउँमा सुरक्षाकर्मीको आवश्यकता छ, त्यहाँ खटाउन के आपत्ति ?

स्थानीय सरकारहरू पनि कोरोना महामारी नियन्त्रणमा अब खुलेर आउन थालेका छन्। यसमा मानिस सङ्क्रमित नै भयो बाहेकको अवस्थामा खासै आर्थिक समस्या पनि बेहोर्नुपर्दैन। कोरोनालाई स्थानीय सरकारको जिम्मा दिएर सङ्घ सरकार तस्करी नियन्त्रणतिर किन नलाग्ने ? सीमा वारपार तस्करीमा तलदेखि माथिसम्म सबैको मिलेमतो हुन्छ, त्यसमा तत्परता नदेखिएला तर प्राकृतिक संसाधनहरूको दोहन रोक्न सकियो भने आउने पीढीको लागि अनुपम उपहार हुन सक्दछ। यसै पनि विभिन्न कारणले आज वैश्विक तापक्रममा बढोत्तरी हुँदै गएको छ । वातावरणविद्हरूले जुन गतिले तापक्रममा वृद्धि हुँदै गएको छ, त्यसलाई सन् २०५० सम्म १.५° ले कम गर्न सकिएन भने पृथ्वी तातो भट्टीजस्तै हुने भविष्यवाणी गरिसकेका छन् । र यसको सबैभन्दा सजिलो, भरपर्दो र असरदार उपाय भनेको वन–जङ्गलको रक्षा नै हो, यद्यपि तापक्रम बढोत्तरीमा वन विनाशमात्र कारक होइन। यत्तिमात्र गर्न सकियो भने नेपाली मात्रको लागि होइन, विश्वकै जनताका लागि नेपालको उपहार हुनेछ ।

# फोहरी खेल

स्वतन्त्र विचार



विनोद गुप्ता

**यो कदम सम्मानित अदालतको अवहेलना पनि हो र राजनैतिकरूपमा महाअभियोग एवं राजद्रोहको कारबाई आकर्षित गर्ने खालको अक्षम्य अपराध हो भन्ने कानूनविद्हरूको भनाइ रहेको छ ।**

कोरोनाको यस्तो सङ्कटको घडीमा समेत राष्ट्रिय राजनीतिको रङ्गमञ्चमा सधैं नयाँ–नयाँ नाटकहरू मञ्चन भइरहेका छन् । वैशाख २७ गते विश्वासको मत लिने क्रममा नेपाल–खनाल समूहको अनुपस्थितिका साथै साथ दिने वचन दिंदै आएको जसपाको महन्थ ठाकुर समूह तटस्थ बस्नुले राष्ट्रिय राजनीतिमा ठूलो सन्देश दिएको छ । त्यो के भने यही एउटा घटनाले दुईवटा काम भएको छ । महन्थ ठाकुर समूह तटस्थ बस्दा संवैधानिक प्रावधान अनुसार बहुमत नपुगे पनि कामचलाउ सरकारको स्थानमा पुगे दुईतिहाई बहुमतका प्रम ओली । यसले उनको कद र अहम् दुवैलाई छोटो पार्ने काम भयो। पहिलो त मैं ठूलो भनेर बसेका प्रम चीनको चाहना अनुसार नेपाल–खनाल समूहलाई एमालेमा यथास्थान दिन बाध्य हुँदै गएको देखिएको छ भने दुईतिहाईबाट काम चलाउमा बस्नुपरेको र अब तीस दिनभित्र लिनुपर्ने विश्वासको मतको लागि पूर्णरूपमा महन्थ ठाकुर समूहमा निर्भर रहनुपर्ने भएको छ । जसपाको सामान्य मुद्दामा परेका कार्यकर्ताहरूलाई छाडे पनि (१) लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने (२) रेशम चौधरीको रिहाइ तथा (३) संविधान संशोधनलाई सम्बोधन गर्ने वचन ओलीले लिखित रूपमा दिन सक्ने अवस्था छैन।

लाल आयोगको प्रतिवेदन सार्वजनिक भएमा देशमा द्वेष र असहिष्णुता बढ्ने निश्चित भएको, रेशम चौधरीलाई छाड्न कानूनी अडचन तथा संविधान संशोधनका लागि एमाले र माओवादी अलग भएकाले दुईतिहाई पुग्ने अवस्था नै छैन। यो सबै कुरा बुझ्रेर पनि बुझ पचाउनुको पछाडि भनिन्छ भारतको सदाशयता छ। महन्थ ठाकुर समूहलाई किङ्–पिन बनाएर विपक्षीलाई ठेगान लगाउन हिंडेका प्रम अहिले त्यही किङ्–पिनले ब्याक फायर गरिदिएकोले अचम्भित छन्। यसमा झन् उपेन्द्र यादव तथा महन्थ ठाकुरको संयुक्त हस्ताक्षरबाट जारी भएको ८ बुँदे सहमतिपत्रले अन्यको टाउको दुखाइ बढेको छ भने जसपाले महन्थ ठाकुरलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर वा राष्ट्रिय सहमतिको सरकार बनाउने अवस्था खडा गरिदिएको छ । यस अवस्थामा अब बजेट कसरी आउने धर्मसङ्कट खडा भएको छ, किनभने अहिलेसम्म बजेटपूर्व छलफल नै भएको छैन।

अहिले नेपालमा तीनपटक प्रधानमन्त्री पदको शपथ खाँदा राष्ट्रपतिले भनेको शब्द नदोहोऱ्याई बरु उल्टै राष्ट्रपतिलाई नै 'त्यो पर्दैन' भनी जवाफ दिएको प्रसङ्ग अत्यन्त चर्चित भएको र अदालतमा मुद्दासमेत चलेको छ । सर्वोच्चले अन्तरिम आदेश जारी नगरी प्रमसँग जवाफ मागेको छ। त्यसपछि पूर्व उपराष्ट्रपति परमानन्द झाले झैं दोस्रोपटक शपथग्रहण गर्ने अवस्था आइपरेमा यस अवधिमा प्रमले गरेका कामकाज एवं निर्णयको वैधानिकता के हुने भन्ने प्रश्न पनि खडा भएको छ । विश्वासको मत प्राप्त नभएको दिन नतीजा घोषणापश्चात् सभामुखले संसद्को अर्को बैठक वैशाख ३० गते बस्ने जानकारी दिएका थिए । तर यसका बावजूद सरकारले त्यही दिन राति संसद्को बैठक अन्त्य गर्ने निर्णय गऱ्यो । अहिले प्रमले राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा आचारसंहिताको उल्लङ्घन गरेका छन्। यो फगत संयोग हुन सक्दैन, किनभने संयोग कहिलेकाहीं हुन्छ । नियमित हुनु भनेको प्रवृत्ति हो र प्रमको यो प्रवृत्तिलाई ओली प्रवृत्ति भन्न सकिन्छ जुन अधिनायकवादी सोच हो।

आज प्रम जुन अवस्थामा उभिएका छन् त्यो यही सोचको परिणाम हो । आफ्नो बचाउको लागि अब उनी नेपाल–खनाल समूहसँग नजीकिंदै गएका थिए। उनको यो प्रयास सफल भएको भए, त्यस दबाबले जसपाका महन्थ ठाकुर प्रमका अति सम्भाव्य उम्मेदवारको रूपमा देखापरेका थिए। यसमा दुईवटा विकल्प खुला थियो । अर्को राष्ट्रिय सहमतिको सरकार हो। महन्थ ठाकुर नै प्रम बनून् भन्ने मेरो पनि चाहना थियो, किनभने सर्वप्रथम त काङ्ग्रेस छाडेर उनले गणतन्त्र नेपालको प्रथम राष्ट्रपति बन्ने अवसर गुमाएका हुन् भनिन्छ । तर त्यो सेरोमोनियल हुने थियो। यो कार्यकारी हुनेछ। यसमा पदासीन भएका भए उनले प्राथमिकतामा कोरोना, त्यसपछि देशभित्र आफ्नै रेशम चौधरीको रिहाइ, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र संविधान संशोधनको मुद्दा एवं देशबाहिर कालापानी, लिम्पियाधुरा र लिपुलेक तथा चीनलगायत देशहरूसँगको वैदेशिक सम्बन्धलाई सम्बोधन गर्नुपर्ने थियो । यसबाहेक शासन सत्ता सञ्चालनको कुरा त छँदै थियो।

सामान्य बहुमत वा संयुक्त सरकार बनाउँदै दुईतिहाईमा उक्लिन सकेको नेकपा वा एमालेकै सरकारले यत्रो वर्ष बितिसक्दा त मदन भण्डारीको मृत्युको रहस्य सफा गर्न नसकेको वा नचाहेको स्पष्ट हुन नसकिरहेको अवस्थामा रेशम चौधरीको रिहाइ, लाल आयोगको प्रतिवेदन र भारतसँगको सम्बन्ध चुनौतीपूर्ण हुनेछ। ठाकुरजीको परिपक्व नेतृत्वमा नेपालले यो चुनौतीहरूमाथि विजय प्राप्त गरेर कोरोना महामारीबाट समेत देशको नागरिकलाई त्राण दिनेछ भनेर आशा पलाइरहेकै बेला ओली प्रवृत्तिको फेरि पुनरागमन भएको छ। सबभन्दा ठूलो दलको नेताको रूपमा ३० दिनभित्र विश्वासको मत लिनेगरी नियुक्त प्रम ओलीले त्यसतर्फ जानुको सट्टा फेरि एकपटक फोहरी खेल खेलेका छन् । संसद्बाट विश्वासको मत लिने अवस्था नभएकोले नयाँ प्रमको लागि मार्ग प्रशस्त गर्न राष्ट्रपति समक्ष गुहार गरेपछि राष्ट्रपतिले पनि एक दिनको समयमैं अर्को सरकार गठन प्रक्रिया थाल्न विज्ञप्ति जारी गरिन्। त्यसमा १४९ माननीयको हस्ताक्षरसहित नेकाका सभापति शेरबहादुर देउवाले आफ्नो दाबी प्रस्तुत गरेपछि पुनः प्रम ओलीले आफ्नो पक्षमा १५३ सांसद रहेकोले प्रम बनाउन दाबी पेश गरे। राष्ट्रपतिले भने दुवै दाबीलाई खारेज गरेपछि ओली मन्त्रिपरिषद्को सिफारिशमा पुनः एकपटक प्रतिनिधिसभा विघटन गरिएको छ । यसमा बुझ्न नसकिने कुरा के छ भने विश्वासको मत लिन असमर्थ भएको प्रधानमन्त्रीलाई पुनः कसरी संसद् नै नबसी प्रम दिन सकिन्छ जबकि सम्मानित सर्वोच्च अदालतले यस पूर्वको विघटनको सम्बन्धमा फैसला गर्दा नै प्रतिनिधिसभाबाट सरकार बन्ने विकल्प रहेसम्म संसद् विघटन गर्न नमिल्ने निर्णय गरिसकेको छ । यो कदम सम्मानित अदालतको अवहेलना पनि हो र राजनैतिकरूपमा महाअभियोग एवं राजद्रोहको कारबाई आकर्षित गर्ने खालको अक्षम्य अपराध हो भन्ने कानूनविद्हरूको भनाइ रहेको छ।

किसुनजी दोस्रोपटक प्रधानमन्त्री भएको बेला आफ्नै पार्टीका ६९ जना सांसदले राखेको अविश्वास प्रस्तावका सन्दर्भमा सदनमा बोल्दै देशभक्त दण्डित हुने– भीम मल्ल र भीमसेन थापाको कथा–व्यथाहरूको अभिशप्त इतिहासबाट हामी नेपालीले कहिले छुटकारा पाउने हैं ? "मेरो ध्येय प्रधानमन्त्रीको कुर्सीमा टाँसिएर बस्नु होइन, परिकल्पना र पद्धतिको दिशा बदल्ने हो। सम्भवतः यो सदनमा प्रधानमन्त्रीको हैसियतले मेरो यो अन्तिम सम्बोधन हुनेछ । म आफ्नो पदबाट राजीनामा दिन श्री ५ महाराजधिराजसमक्ष प्रस्तुत हुन गइरहेको छु।" यस सम्बोधनलाई सुनेर वर्तमान प्रम ओलीले किसुनजीसित हात मिलाउँदै मार्मिक भनेर टिप्पणी गरेका थिए । आज त्यो मार्मिकता कता गयो ?

वास्तवमा नेपालको राजनैतिक इतिहास हेर्दा नेपालमा प्रजातन्त्र जहिले पनि नेपाली नेताहरूको आन्तरिक टकरावले नै खतरामा परेको देखिन्छ। २००८ सालमा मातृकाप्रसाद कोइराला भर्सेज विपी कोइराला, २०१५–१७ विपी भर्सेज विश्वबन्धु थापा–तुलसी गिरी, २०४६ सालपछि किसुनजी, गणेशमानजी भर्सेज गिरिजाप्रसाद कोइराला, २०५५ मा राजा ज्ञानेन्द्र भर्सेज गिरिजाप्रसाद कोइराला, नेपाली काङ्ग्रेसमैं गिरिजाप्रसाद कोइराला भर्सेज शेरबहादुर देउवा, एमालेमा वामदेव गौतम र राप्रपा समेतमा नेताहरूको आपसी द्वन्द्वका कारण पार्टी टुट्ने–फुट्ने क्रम जारी रहेकोले स्थापनाको ३० वर्षपछि पनि नेपालमा प्रजातन्त्र संस्थागत हुन सकिरहेको छैन। यस सम्बन्धमा अमेरिकामा कार्यरत नेपाल फर्क अभियानका अभियन्ता डा राजेन्द्र पड्केनीले नेपालका राजनैतिक नेताहरूको 'जीन'को अध्ययन हुनुपर्ने सुझाव राखेको पाइयो। सुन्दा हँसाउन भनेकोजस्तो लागे पनि धेरै वर्ष अगाडि भारतका प्रख्यात जवाहरलाल नेहरू विश्वविद्यालयमा भारतको केही राज्यमा बसोवास गर्ने अभिजात्य एवं कथित दलितहरूको जीन मैपिङ गर्दा दुवैमा आश्चर्यजनक किसिमले ६०–७० प्रतिशत समानता पाइएको थियो जसबाट अभिजात्य वर्गको केही खास प्रवृत्तिलाई व्याख्या गर्ने आधार मिलेको भनी पढेको सम्झना छ । कहीं यसबाट नै हाम्रा नेताहरूको यो प्रवृत्तिबारे केही व्याख्या भइ पो हाल्ने हो कि ?

# कोरोना कहर : भोक सहनै गाह्रो

सप्तरी, ११ जेठ/रासस

हावाहुरी आए भत्किएलाझैं झुप्रो छ। पश्चिममा ६ फिट चौडाइ र ७ फिट लम्बाइ रहेको झ्याल नभएको एउटा कोठा छ। त्यसैमा भान्सा रहेको कोठामा दुईजना सरस्वती नाम गरेकी महिला बस्छन् । एउटीको थर दास हो भने अर्कीको चौधरी। दुवैको मुहार हिजोआज मलीन छ ।

सस्तोमा पाइएकाले सप्तरीको राजविराज–४ भलुवाही खोला किनारमा एउटा सानो कोठा डेरा लिएका उनीहरूसँगै दासकी १२ वर्षीया छोरी प्रियङ्का पनि बस्छिन् । एउटा खाटमा सुत्न ठाउँ नपुगेपछि खाटसँग जोडेर बेन्च लगाइएको छ। प्रियङ्का पनि निन्याउरो र चिन्तित मुद्रामा आमाको छेउमा सँगै देखिन्छिन् ।

राजविराज नगरपालिका–६ माइत भएकी सरस्वती दासको १६ वर्षकै उमेरमा सप्तरीको हनुमाननगर बजारका उमेश दाससँग मागी विवाह भयो। विवाह भएर घर गएपछि मात्र उनलाई थाहा भयो कि त्यो घर आफ्नो नभई सासूको माइती रहेछ। केही महीनापछि सासूलाई उनका माइतीले घरबाट निकालेपछि सरस्वतीको परिवार घरवारविहीन भयो। सासूले त उनको अर्को भाइकोमा शरण पाइन् । तर नवविवाहिता उनले सहारा पाइनन् ।

पति सन्तोष साहुजीको पसलमा मिठाइ बनाउँथे र केही रकम हात लाग्थ्यो। दासका अनुसार उनी पनि मादकपदार्थ र नशालु पदार्थ सेवनकर्ता भएकाले त्यसैमा पैसा सक्थ्यो । दास भन्छन्, "पतिले त्यति बेला छाड्नुभयो, जतिबेला सबैभन्दा बढी सहाराको जरुरी थियो।" गर्भवती भएका बेलामा पतिले छाडेर बेपत्ता भएको घटनालाई उनी सबैभन्दा अप्ठ्यारो समयको रूपमा सम्झिन्छन् । गर्भवती भएका बेला घरपरिवारबाट कुनै पनि सहयोग नपाएपछि माइती घरमा नै गएर छोरीलाई जन्म दिएको उनले सुनाइन्।

सानै उमेरमा विवाह गरी आमा बनेकी दासले रोजीरोटीका लागि तरकारी पनि बेचिन् । रोजगार तथा कमाइखान तरकारी बेच्ने व्यवसाय उनको लागि सुरक्षित भएन। तरकारी कुहिने र पर्याप्त पूँजी नभएपछि गुजारा चलाउन उनलाई समस्या भयो । पछिल्लो समय उनी होटलमा भाँडा माझ्ने काम गर्छिन्।

तरकारी बिक्री गर्दा दासको चिनजान भवन निर्माणमा मजदूरी गर्दै आएकी सरस्वती चौधरीसँग भयो । एउटै नाम भएका उनीहरूको चिनजान मित्रतामा परिणत भयो । सुनसरीको भोक्राहा गाउँपालिका–६ नरसिंह घर भएकी चौधरीका पति दमका रोगी थिए। पतिको मृत्यु र एकमात्र छोरीको विवाहपछि एक्ली बनेकी ३९ वर्षीया सरस्वती मजदूरी गर्दै राजविराज आइन्। भवन निर्माणको ज्याला मजदूरीको काम दैनिकरूपमा नपाएपछि उनी स्थायी कामको खोजीमा थिइन्। यस काममा दासले सघाइन् र उनलाई पनि होटलमा सँगै काम दिलाइन्। बिहान ७ बजे होटल जाने गरेका उनीहरूले राति साढे ९ बजे छुट्टी पाउँछन्। दुवैजनाले महीनाको सात/सात हजार रुपैयाँ पाउँछन्। खर्च बचतका हिसाबले दुवैजना सँगै एउटा कोठामा बस्न थालेका हुन् ।

उनीहरू काम गर्दै आएका होटल कोभिड–१९ रोकथामका लागि भएको लगातारको बन्दाबन्दीका कारण अहिले बन्द छ । बन्दाबन्दी खुल्ने अनिश्चित भएसँगै होटल खुल्ने पनि अनिश्चित बनेपछि होटल सञ्चालकले उनीहरूलाई छुट्टी दिएका छन्। न्यून तलबमा जसोतसो गुजारा चलाइरहेका उनीहरूलाई अहिले हातमुख कसरी जोर्ने भन्ने चिन्ता छ।

उनीहरूलाई कोभिड–१९ को सन्त्रासभन्दा पनि भोकभोकै मरिन्छ कि भन्ने चिन्ताले सताउन थालेको छ। छोरी जन्मिंदा र हुर्कंदा माइतीको सहयोग भएपनि हाल सहयोग नभएको दासले बताइन्। लकडाउनका बेला माइत जाँदा भाइबुहारीले कोरोनाका बेला नआउन भनेको बताइन्। बन्दाबन्दीले होटल बन्द भई काम गर्न नपाउँदा आफूहरूलाई घरखर्च चलाउन निकै समस्या परेको उनीहरूको भनाइ छ।

बन्दाबन्दी भएको १७ दिन पुगेको। उनीहरूसँग भएको पैसा पनि सकिएको छ। उनीहरूसँग न त पैसा छ, न त एक छाक गाँसको व्यवस्था गर्ने अन्य उपाय नै छ। पोषणयुक्त खाना खाने कुरा त परै जाओस् घरमा साँझ, बिहानको छाक कसरी टार्ने भन्ने उनीहरूलाई चिन्ता छ। चौधरीको एकमात्र छोरीको विवाह भइसकेको छ भने दासको एउटी छोरी नाबालिका छिन् ।

बन्दाबन्दीका कारण काम गर्न नपाएपछि उनीहरूलाई दैनिक छाक

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा कोरोना सङ्क्रमण दर घट्दो

नयाँ दिल्ली, ११ जेठ/सिन्हवा

भारतमा पछिल्ला केही दिनदेखि कोभिड–१९ बाट सङ्क्रमितको सङ्ख्या भने घटेको छ । गत २४ घण्टामा एक लाख ९६ हजार ४२७ जना नयाँ सङ्क्रमित भेटिएको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जनाएको छ । भारतमा दुई लाखभन्दा कम व्यक्तिमा कोरोना सङ्क्रमण भेटिएको ४० दिनयता हिजो पहिलोपटक हो ।

कोरोना शुरू भएयता हालसम्म यहाँ दुई करोड ६९ लाख २४ हजार ८७४ जनामा कोरोना सङ्क्रमण भइसकेको छ । भारतमा अझै पनि २५ लाख ८६ हजार ७८२ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

भारतमा कोरोना भाइरस महामारीबाट विगत २४ घण्टामा थप तीन हजार ७४१ जनाको मृत्यु भएको मन्त्रालयले मङ्गलवार जनाएको छ । हिजो सोमवार केही दिनयताको तुलनामा मृतकको सङ्ख्यामा पनि कमी आएको बताइएको छ । भारतमा बढी घातक मानिएको कोभिड–१९ को दोस्रो लहर शुरू भएयता दैनिक चार हजारको हाराहारीमा सङ्क्रमितको मृत्यु भइरहेको छ ।

भारतमा कोभिड–१९ को सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख नाघेको छ । कोभिड–१९ को दोस्रो लहर निकै घातक रहेको र बिरामीलाई तत्कालै अक्सिजन दिनुपर्ने देखिएको छ । विज्ञहरूको भनाइमा भारत सरकारले सार्वजनिक गरेको विवरणभन्दा बढी सङ्ख्यामा कोभिड–१९ सङ्क्रमितको मृत्यु भएको छ । यद्यपि यसको प्रस्ट विवरण प्राप्त भइसकेको छैन । रासस

## अमेरिकी विदेशमन्त्री इजरायलमा

जेरुसेलम, ११ जेठ/एपी

संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री एन्टनी ब्लान्केन गाजा युद्धविरामलाई तार्किक निष्कर्षमा पुऱ्याउने उद्देश्यका साथ मध्यपूर्वको यात्राको क्रममा इजरायल आइपुगेका छन् ।

उनले एक दशकभन्दा बढी समयसम्म अवरुद्ध बनेको बृहत् शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन मध्यस्थताका लागि मध्यपूर्वको भ्रमणमा आएका हुन् । प्यालेस्टिनी विभाजन तथा इजरायली कट्टरपन्थी नेतृत्वका कारण जेरुसेलम र वरपरको पवित्र धार्मिकस्थलहरूमा एक दशकभन्दा लामो समयदेखि शान्ति प्रक्रियाका लागि जटिल समस्या बनेको विषयलाई मिलाउन सहजीकरण गर्ने बताइएको छ ।

केही दिन पहिले रोकिएको ११ दिन लामो गाजा द्वन्द्वका कारण २५० व्यक्तिले ज्यान गुमाएका छन् । मारिनेमा अधिकांश प्यालेस्टिनी परेका र इजरायली तथा प्यालेस्टिनी पक्षबीच भएका रकेट आक्रमणका कारण कम्तीमा १०० महिला तथा बालबालिकासमेतको मृत्यु भएको थियो । दोहोरो युद्धमा गरीब समुद्री तटवर्ती इलाकामा व्यापक भौतिक संरचनाको समेत विनाश भएको थियो । ब्लान्केनले इजरायल र पश्चिमी देशहरूले आतङ्कवादी ठान्ने गाजाका अतिवादी हमास शासकहरू संलग्न नगरी पुनर्निर्माण समन्वयमा ध्यान केन्द्रित गर्ने अपेक्षा राखिएको छ ।

शुक्रवारदेखि कार्यान्वयनमा आएको युद्धविराम सम्झौताले अझै कुनै पनि अन्तर्निहित मुद्दाहरूलाई सम्बोधन गर्न नसकेको धारणा आइराखेका समय भएको अमेरिकी विदेशमन्त्री ब्लान्केनको भ्रमणलाई गाजा क्षेत्रमा द्वन्द्व अन्त्य गर्ने प्रयासका रूपमा लिइएको छ ।

वर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेन सत्तामा आएपछि मध्यपूर्व पुग्ने ब्लान्केन पहिलो उच्च पदस्थ अमेरिकी अधिकारी हुन् ।

जो बाइडेनको आगमनसँगै यस क्षेत्रको जटिल समस्याबाट अमेरिकालाई बाहिर राख्ने र जलवायु परिवर्तनको मुद्दा र चीनसँगको प्रतिस्पर्धामा केन्द्रित हुने आशा गरिरहेका समय इजरायलले गाजामा गरेको आक्रमणपछि आफ्ना धेरै पूर्ववर्तीहरूजस्तै बाइडेन पनि पनि मध्यपूर्वमा व्याप्त हिंसाको अर्को संस्करणमा तानिएका छन् ।

अमेरिकी विदेशमन्त्रीले इजरायलबाट आफ्नो यात्रा शुरू गरेका छन् । इजरायलमा प्रधानमन्त्री बेन्जामिन नेतन्याहू दुई वर्षमा चौथो निर्णायक निर्वाचनपछि आफ्नो राजनीतिक जीवनको लागि लडिरहेका समय इजरायली ठूलो समूहबाट कडा आलोचना खेपिरहेका नेतन्याहूसँग भेट्ने कार्यक्रम रहेको छ । नेतन्याहुलाई इजरायली कट्टरवादी समूहहरूले प्यालेस्टिनी आक्रमणलाई निस्तेज पार्न वा गाजाका कट्टरपन्थी हमास शासकहरूलाई भारी चोट नपुऱ्याएकोसमेत आरोप लागेको छ ।

जेरुसेलमको इजरायली प्रहरी र प्यालेस्टाइन प्रदर्शनकारीबीच अल–अक्सा मस्जिद परिसर र यसका वरिपरिको इलाकामा हप्तौंसम्म चलेको झगडाले यो युद्धलाई निम्त्याएको थियो । इजरायलले मुसलमानको पवित्र रमजान महीनामा उक्त क्षेत्रमा बसोबास गर्ने यहूदी बस्तीले दर्जनौं प्यालेस्टिनी परिवारलाई धम्की दिएको भन्दै पछिल्लो युद्धको सुरुआत भएको थियो ।

नेतन्याहूले अल–अक्सा वा बेदखलीहरू सम्बन्धी कुनै सार्वजनिक सहुलियतहरू लिने सम्भावना छैन किनकि यो हमासको मागलाई मानेको जस्तो देखिन्छ ।

ब्लान्केनले छिमेकी इजिप्ट र जोर्डनको पनि भ्रमण गर्ने कार्यक्रम छ । रासस



स्व. मुक्तिराउत कुर्मी

### हार्दिक श्रद्धाञ्जलि

बारा, परवानीपुर गाउँपालिकाकी उपप्रमुख सावित्री देवीका पति, लिपनीमाल गाविसका पूर्वअध्यक्ष, जसपाका कर्मठ नेता **मुक्तिराउत कुर्मी**को असामयिक निधनले हामी स्तब्ध छौं । आज १३औं दिनको पुण्यतिथिमा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको लागि हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**गजेन्द्र पटेल** (वडाध्यक्ष)
**परवानीपुर गाउँपालिका वडा नं ४, चैनपुर**




स्व. मुक्तिराउत कुर्मी

### हार्दिक श्रद्धाञ्जलि

बारा, परवानीपुर गाउँपालिकाकी उपप्रमुख सावित्री देवीका पति, लिपनीमाल गाविसका पूर्वअध्यक्ष, जसपाका कर्मठ नेता **मुक्तिराउत कुर्मी**को असामयिक निधनले हामी स्तब्ध छौं । आज १३औं दिनको पुण्यतिथिमा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको लागि हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**रामेश्वर कलवार** (वडाध्यक्ष)
**परवानीपुर गाउँपालिका वडा नं ५, बहुअरी**



### पटेर्वासुगौली गाँउपालिका

गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वासुगौली, पर्सा
प्रदेश नं २ (नेपाल)

## क्याटलग सपिङ विधिबाट सवारीसाधन (एम्बुलेन्स) खरीदका लागि सूचीकृत हुन आह्वान गरिएको सूचना

*प्रथमपटक प्रकाशित मिति: २०७८/०२/११ गते*

हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड–१९ का बिरामीलगायत आकस्मिक सेवालाई प्रभावकारी बनाउन यस कार्यालयलाई चालू आव २०७७/०७८ मा आवश्यक सवारीसाधन (एम्बुलेन्स ) उपलब्ध गराउन इच्छुक इजाजतप्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत र आधिकारिक विक्रेताले कम्पनी र फर्म दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, लेटर अफ अथोराइजेशन र आव २०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्रलगायतका कागजातहरूको प्रतिलिपि समावेश गरी सावजनिक खरीद नियमावली २०६४ को नियम ३१ ख अनुसार सवारीसाधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधासहितको गुणस्तरको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी सूचना प्रकाशित मिति २०७७/०२/२१ गते कार्यालय समयभित्र मौजुदा सूचीमा सूचीकृत हुन सिलबन्दी निवेदनसहित कागजात पेश गर्नुहुन उत्पादक तथा आधिकारिक विक्रेताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | सवारीसाधनको नाम | सङ्क्षिप्त विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | PSRMUN/VEHICLE/ 2077-078/ 01 | 4WD Ambulance with AC | – Gross vehicle weight of the vehicle not less than 2700kgs<br>– Pay load not less than 900 kgs<br>– Turbo Charged diesel Engine Minimum 2000 CC<br>– Power output min 85 HP and Torque not more than 200 NM at rated RPM<br>– Minimum Ground Clearance 190 mm<br>– Air Conditioner<br>– Isolated Cabin | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification बमोजिम हुनेछ । |


सन्दर्भ: बुद्ध जयन्ती

## आत्मचेतनाको आरोहण पर्व

महात्मा बुद्धले मानिसलाई जिउने कला प्रदान गरे । यो घटना अद्भूत थियो । उनको जन्म, बोध र मृत्यु एउटै तिथि वैशाख पूर्णिमाका दिन भएको थियो । बुद्ध पूर्णिमाको तात्पर्य ज्ञानको गहन आत्मचेतनासँग छ । गौतम बुद्धले गरेको वर्षौंको तपश्चर्यापछि अर्जित निराकार अभिबोधको परमानन्दमा सुस्तरी निमग्न हुनु र जीनव–मृत्युको काल रहस्यको पहिचान हुनु नै बुद्ध पूर्णिमा हो । बुद्ध अर्थात् ज्ञानको ब्रह्माण्डको परमाणु बन्नु । पूर्णिमा अर्थात् परम गति प्राप्त हुनु ।

महात्मा बुद्धको अतुल आत्मबोध, बोद्धिसत्त्व र यी सबै भएपश्चात् घटित उनको महाप्रयाण नै बुद्ध पूर्णिमाको समुचित सार हो । राज्य, धन, ऐश्वर्य, आत्मज–स्वजन, सबै छोडेर परम जीवन सत्यको शोधमा निस्के र अन्ततः जीवोचित बोधत्व प्राप्त गरेका बुद्ध सदीयौंदेखि अभिज्ञान र आत्मबोधको महान् माध्यम बने । मानुषिक वैर, ईर्ष्या, धर्माडम्बर, द्विचरित्रता, विश्वासघात तथा अनावश्यक मनुष्याभिनय, आग्रह–पूर्वाग्रह, भाग्य–दुर्भाग्य, सम्बन्ध–निबन्ध, आसक्ति–विरक्ति, स्वीकार–अस्वीकार, लगाव–अभावजस्ता अभिमानित जीव–समाजको दुर्गुणाहरूबाट सुदूर आत्माकाशको मधुरो सितारा महात्मा बुद्ध जीवनसम्बन्धी दार्शनिक ज्ञानका अद्भूत प्रेरणास्रोत बन्न पुगे ।

महात्मा बुद्धको जन्म लुम्बिनीमा भएको थियो, तर उनको लालनपालन एउटा सानो साम्राज्य कपिलवस्तुमा भएको थियो । यी दुवै क्षेत्र आजको भूस्थितिमा नेपालमा पर्दछन् । बुद्धको जन्मको समय यी क्षेत्र कि त वैदिक सभ्यताको सीमामा थिए अथवा त्यस बाहिर, त्यो सुनिश्चित छैन । बुद्धकालमा रचित परम्परागत जीवनीका अनुसार उनका पिता राजा शुद्धोधन शाक्य राष्ट्रका प्रमुख थिए । शाक्य जनजाति कैयौं पुरातन जनजातिहरूमध्ये एक थियो । महात्मा बुद्धको पारिवारिक नाम गौतम थियो । उनकी माता रानी महामाया कोलियन राजकुमारी थिइन् । जुन रात सिद्धार्थले माताको गर्भ धारण गरे, रानी महामायाले सपना देखिन् कि छवटा सेतो दाँत भएको एउटा सेतो हात्ती उनको पेटको दाहिनेतिर प्रवेश गऱ्यो । शाक्य कथानुसार यो पनि बताइन्छ कि गर्भावस्थामा नै गौतमकी आमा कपिलवस्तु छाडेर माइती देश हिंडेकी थिइन् र यात्राकै क्रममा बाटोमा लुम्बिनीस्थित एउटा बगैंचामा सालको वृक्षमुनि उनले शिशुलाई जन्म दिइन् ।

यस प्रकार दस चन्द्र महीनापछि अर्थात् वैशाख पूर्णिमाको दिन, जब चन्द्रमा आकाशमा देदिप्यमान थिए, महात्मा बुद्धको जन्म भयो । उनी जन्मेको एक हप्ताभित्रै माताको देहावसान भयो । गौतमको नामकरण संस्कारमा नै उनको सिद्धार्थ नाम जुराइयो, जसको अर्थ हो आफ्नो सङ्कल्पित लक्ष्य प्राप्त गर्ने व्यक्ति । त्यस युगका एक प्रसिद्ध भविष्यद्रष्टा एकान्तवासी सन्त असितालाई पूर्वाभास



भएको थियो कि दुनियाँमा एकजना महान् व्यक्तिको अवतरण हुनेवाला छ । यस आशामा उनी बुद्धको जन्मोत्सवमा आए । जब उनी सिद्धार्थका पितासँग उनको भविष्यबारे मन्त्रणा गरिरहेका थिए तब बालक सिद्धार्थले उनको लामो कपालमा आफ्नो एउटा खुट्टा अल्झाइदिए । यो घटना र सिद्धार्थको अन्य जन्मचिह्नको संज्ञानको आधारमा उनले बडो विचित्र मनःस्थितिमा घोषित गरे कि यो बालक कि एउटा महान् चक्रवर्ती राजा बन्नेछ वा एउटा महान् सन्त, योगी । अन्य मनीषीहरूले पनि उनीबारे दुई–दुई भविष्यवाणी गरे । यीमध्ये केवल युवा कौंडिन्य सन्तले निर्विकाररूपले भने कि सिद्धार्थ बुद्ध बन्नेछन् ।

गौतम सिद्धार्थको लालन–पालन राजसी ठाटबाटले त भयो, तर उनको मनोदशा सामान्य मानवीय जीवनको मनोरञ्जन र अन्यान्य आनन्द दिने सुख साधनभन्दा विपरीत थियो । सोऱ्ह वर्षको आयुमा पिताले उनको विवाह यशोधरासँग गरिदिए । यशोधराले राहुल नामक बालकलाई जन्म दिइन् । सिद्धार्थले कपिलवस्तुमा गृहस्थीको २९ वर्ष व्यतीत गरे । यद्यपि सिद्धार्थलाई उनको इच्छा तथा आवश्यकतानुसार प्रत्येक सुविधा र वस्तु उपलब्ध गराइएको थियो, तथापि उनी गहनरूपले अनुभव गर्दथे कि उनको जीवनको परम तथा अन्तिम लक्ष्य केही अरू नै हो । पिताको इच्छा थियो कि सिद्धार्थ एउटा महान् राजा बनून् । यस हेतु उनले सिद्धार्थलाई धर्म, वेद–पुराणदेखि मानवीय जीवनका कष्टको गहन शिक्षा प्रदान गरे, तर अन्तमा सबै निष्फल सिद्ध भयो । वास्तविक जीवन लक्ष्यको खोजहेतु २९ वर्षको आयुमा उनले घर–परिवार र भव्य राजभवन त्याग गरे । उनी एउटा मार्गमा अघि बढे । यात्राको दौरान उनलाई रोग–व्याधि, वृद्धावस्थाले जेलिएका मानिसहरू र सार्वजनिक जीवनको कठिनाई–विसङ्गतिहरू देख्ने अवसर मिल्यो र उनी मनुष्य जीवनमा उत्पन्न हुने यी परिस्थितिहरूको प्राकृतिक कारकको खोज गर्न व्याकुल भए । युवा राजकुमारलाई आफ्नो सारथि चन्नाको जीवन–मृत्युसम्बन्धी विवेचनाहरूले पनि उद्वेलित पाऱ्यो । यसको प्रभाव यो भयो कि उनले सारथिलाई फिर्ता पठाइदिए र स्वयं एक्लै यात्रा गर्न थाले ।

राजा बिंबसारले सिद्धार्थको तपस्वी जीवनको उद्देश्य सुनेपछि उनको त्यागबाट प्रभावित भएर उनलाई आफ्नो सिंहासन सुम्पने प्रस्ताव राखे । सिद्धार्थले प्रस्ताव अस्वीकार गरिदिए, तर उनलाई वचन दिए कि आफ्नो तपस्याबाट उनलाई जे पनि ज्ञान प्राप्त हुन्छ, त्यसको पहिलो प्रवचन उनको राज्य मगधमा दिनेछन् । आरम्भमा सिद्धार्थ यस्ता सन्त र साधकहरूसँग तप गरिरहे, जो यस प्रक्रियामा व्यक्तिगत लक्ष्यहीनताले ग्रस्त थिए । भोकै तथा भोजनलाई प्रतिदिन केवल एउटा दाना वा पत्तासम्म सीमित राख्दा बुद्ध अति दुर्बल भइसकेका थिए । यस्तो दुर्बलावस्थामा एक दिन नदीमा स्नान गर्ने बेला मूर्च्छित भएर खसे । कसैगरी नदीमा डुब्नबाट जोगिए तर यस्तो व्यवधानले पनि उनलाई लक्ष्यबाट विचलित पार्न सकेन ।

बुद्धले बिहार, भारतमा पीपलको वृक्षमुनि बसेर वर्षौं तपस्या गरे । त्यो वृक्ष बोधिवृक्षको नामले विख्यात छ । साधना अवधिमा उनी तबसम्म आँखा खोल्दैनथे, जबसम्म विचारित विषयसँग सम्बन्धित सत्यानुसन्धान गरिसक्दैनथे । धर्मबारे तत्कालीन समाजमा विभिन्न मतभेद व्याप्त थियो । यस भयले बुद्ध निर्णय गर्न सकिरहेका थिएनन् कि मानिसलाई धर्मको ज्ञान दिउँ कि नदिउँ । उनी चिन्तित थिए कि मानव लालच, ईर्ष्या र भ्रमको अतिका कारण धर्मको सर्वोचित सत्य बुझ्न असमर्थ होला; किनकि धर्म बुझ्नका लागि यसको गूढता, सूक्ष्मता र कठिनताले बाधा पुऱ्याउने छ ।

बुद्धद्वारा प्रशस्त आत्मसाधना मार्ग सबै मानिसका लागि खुला थियो । यसमा कुनै धर्म, वर्ग, जाति, उपजाति वा समाज अथवा जीवन पद्धतिसम्बन्धी पूर्वाग्रहका कारण कुनै प्रतिबन्ध थिएन । भनिन्छ कि विपक्षी धार्मिक समूहहरूद्वारा उनको हत्याको अनेक प्रयास गरियो तथा उनलाई बन्दी बनाउने प्रयास पनि गरियो । बुद्धले ८० वर्षको आयुमा घोषणा गरे–उनी शीघ्र परिनिर्वाणको स्थितिमा पुग्नेछन् वा एउटा यस्तो अवस्थामा चिरस्थिर हुनेछन्, जहाँ भौतिक शरीरलाई त्यागेर उनी अन्तिम मृत्युहीन दशालाई प्राप्त गर्नेछन् । यस उपरान्त उनले आफ्नो अन्तिम भोजन गरे, जुन उनलाई कुन्डा नामका लोहारले भेटस्वरूप दिएका थिए । यो भोजन ग्रहण गरेर उनी गम्भीर रोगबाट पीडित भए । रोगावस्थामा उनले आफ्ना सहवर्तीलाई भने–"कुन्डा समीप जाऊ र उनलाई भन तिमीले दिएको भोजनमा बुद्धको सम्भावित मृत्युको कुनै कारण छैन ।" मृत्युको यस महाकष्टमा पनि उनले एकजना भिक्षुलाई दीक्षा प्रदान गरे ।

अन्तमा उनले मृत्यु वरण गरे, अर्थात् उनले महानिर्वाण प्राप्त गरे । मृत्युपछि उनको शरीरको दाहसंस्कार सम्पन्न भयो । बुद्धको मृत्युको वास्तविक तिथि सदा सन्देहमा रह्यो । श्रीलङ्काका ऐतिहासिक शास्त्र अनुसार सम्राट् अशोकको राज्याभिषेक बुद्धको मृत्युको २१८ वर्षपछि भयो । चीनको एक महायान प्रलेखका अनुसार अशोकको अभिषेक बुद्धको मृत्युको ११६ वर्षपछि भयो । त्यसैले धरावाडा प्रलेखानुसार बुद्धको मृत्युको समय कि ४८६ ईस्वी पूर्व अथवा महायान प्रलेखानुसार ३८३ ईस्वी पूर्व हो । तर पनि पारम्परिकरूपमा उनको मृत्युको जुन वास्तविक तिथि धरावाडा देशमा स्वीकार गरियो, त्यो ५४४ वा ५४३ ईस्वी पूर्व थियो ।

गौतम बुद्धले मानव जातिको दूषित मनोवृत्ति परिशुद्ध गर्न जुन आध्यात्मिक योग–क्रियाहरू निर्मित गरे, त्यसको महिमामण्डन वैदिक चिन्तनका अनेक प्रमुख शास्त्रहरूमा गरिएको छ । स्वामी विवेकानन्दले पनि उनको व्यापक अभिप्रयाण प्रणालीहरूको सम्मानपूर्वक उल्लेख गरेका छन् । आजको भौतिकीय युगमा बुद्धको आत्मविकासको बाटोमा हिंड्न अत्यन्त आवश्यक छ, अनि मात्र वर्तमान जनजीवनमा मानिसको धनप्रति लिप्सा र त्यसबाट उत्पन्न हुने खराबी, विसङ्गतिको अन्त हुन सक्छ ।



जिल्ला प्रशासन कार्यालय, पर्साको दृश्य हो। मङ्गलवार बिहान ११:३० बजे लिएको यो तस्वीरले कार्यालयमा सेवाग्राहीहरूको सङ्ख्या मापन गर्न सकिन्छ। राष्ट्रपतिबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०७८ पारित भएपछि नागरिकताको विषयलाई लिएर विभिन्न अडकलबाजी गरिएको छ। तर जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले निषेधाज्ञा जारी भएकोले विगत एक महीनादेखि एउटा पनि नागरिकता नबनेको बताउँछन्। अत्यावश्यक कामबाहेक सबै सेवा ठप्प रहेको र जिल्लाभरिका कार्यालयको अवस्था सोहीअनुरूप रहेको बताए। उनले जारी नागरिकता अध्यादेश अनुसार जिल्लाबाट नागरिकता वितरण भएको कुरा हल्ला मात्र भएको बताए। उनले जिल्ला र मन्त्रालयको वेबसाइटबाट पनि यस कुराको जानकारी लिन सकिने बताए। अध्यादेश जारी भएपछि सोसम्बन्धी हालसम्म कुनै लिखित निर्देशन नआएको र निषेधाज्ञामा नागरिकता वितरण कार्य सुचारु नभएको सप्रजिअ पौडेलले जानकारी गराएका छन्। तस्वीरः नितेश कर्ण

# नारायणीको लापरवाहीले मिश्रको मृत्यु

प्रस, परवानीपुर, ११ जेठ/

हास्य कलाकार आदर्श मिश्रका बुबा विनोद मिश्रको मङ्गलवार बिहान ११ बजे मृत्यु भएको छ।

बारा, जीतपुर निवासी हास्य कलाकार मिश्रका बुबाको विगत चार वर्षदेखि दुवै मिर्गौलाले राम्ररी काम गरेको थिएन। उनको उपचारको क्रममा आज बिहान ११ बजे चितवनस्थित भरतपुर अस्पतालमा मृत्यु भएको परिवारजनले जनाएका छन्। उनले आजै बिहान ९ बजे ट्वीटरमा 'म मेरो बुबालाई गुमाउन चाहन्नँ' भनी ट्वीट गरेका थिए। सोको केही घण्टामै मिश्रको मृत्यु भएको थियो। सोमवार मात्र उनको जसोतसो नारायणी अस्पतालको डायलोसिस मेशिनमा ३ घण्टामा डायलोसिस भएको थियो। प्रायः मिर्गौला पीडितहरूको हप्तामा तीनपटक, ४/४ घण्टा डायलोसिस गरिन्छ। खराब मिर्गौलाले रगत सफा गर्न सक्दैन। डायलोसिस गरेपछि रगत सफा हुन्छ।

आदर्शको परिवारका अनुसार नारायणी अस्पतालमा हडबडीमा तीन घण्टामैं डायलोसिस गरेपछि उनको स्वास्थ्यमा असर पुगेको हो। उनीहरूका अनुसार डायलोसिस गरेर घर लगेपछि अचानक उच्च ज्वरो आई स्वास्थ्य अवस्था बिग्रेको थियो। त्यसपछि हिजै राति नै उनलाई १३० किलोमिटर टाढा भरतपुर अस्पताल लगिएको थियो। मिर्गौला पीडितको उपचारमा वीरगंजको नारायणी, नेशनल मेडिकल कलेजलगायत अस्पतालले लापरवाही गर्दा उनको मृत्यु भएको परिवारजनको आरोप छ। आदर्शले नेपाल सरकारविरुद्ध मुद्दा हाल्ने ट्वीट गरेर आक्रोश पोखेका छन्।



बुबा विनोद मिश्रसँगै आदर्श मिश्र। तस्वीरः सौजन्य

# अस्तव्यस्त लालबन्दीको माछा बजार

सर्लाही, ११ जेठ/रासस

लालबन्दी नगरपालिका–७ को माछाबजार दिन प्रतिदिन दुर्गन्धित भएको छ। सामान्य पानी पर्दा पनि हिल्लामे हुने र फोहोर व्यवस्थापनसमेत उचित तरीकाबाट नहुनुका साथै हप्तामा दुई दिन लाग्ने बजारको व्यवस्थापन नहुँदा दिन प्रतिदिन दयनीय बन्दै गएको छ।

नगरपालिका–७ को भित्री बजारमा सोमवार र बिहीवार बजार लाग्ने गर्दछ। बजारको व्यवस्थापन समिति रहे पनि बजारको व्यवस्थापन गर्न चासो नदेखाएका कारण बजारमा किनमेल गर्न जानेहरू पनि हैरान भएका छन्। भाँडाकुँडा, खाद्यान्न तथा कपडाहरू र शृङ्गारका सामानहरूको स्थायी सटरहरू बनाइएका भएपनि पशुपक्षी तथा तरकारी र माछामासुका लागि भने बाहिरै राख्नुपर्ने बाध्यता रहेको र ती सामग्रीहरूबाट निस्केका फोहोरको व्यवस्थापन गर्न सरोकारवाला निकाय बजार व्यवस्थापन समिति र वडाध्यक्षले चासो नदेखाउँदा आफूहरू दुर्गन्धित बजारमा व्यापार गर्न बाध्य भएको व्यापारीहरूको गुनासो छ। आफूहरूले व्यापार–व्यवसाय गरेबापत समिति, वडा कार्यालय र विद्यालयलाई करसमेत बुझाइरहेको व्यापारीहरूले बताएका छन्।

यस क्षेत्रमा लगाइने बजार जनज्योति मावि लालबन्दीको जमीन रहेको र उसले बजार बसाएर कर लिने गरेको छ। सो बजारमा करीब ८०० स्टल रहेका र प्रतिसटरको प्रतिफिट नापेर विद्यालयले कर असुल्ने गरेको छ। सटर नहुने र अस्थायीरूपमा बस्नेहरूका लागि भने समितिले हप्ते कर असुल्ने गरेको छ। यसरी कर तिरेर आफूहरू बसेको भएपनि समिति र विद्यालयले कुनै व्यवस्था नगरिदिंदा वर्षामा घुँडासम्म पानी जम्ने गरेको व्यापारीहरूको गुनासो छ।

तरकारी तथा मासु पसलबाट निस्कने फोहरका साथै बजारभरिको फोहोरसमेत जथाभावीरूपमा फालिने गरेकाले दुर्गन्ध बढ्दा बजारमा किनमेल गर्न आएका सेवाग्राहीहरू पनि नाक मुख थुनेर हिंड्न बाध्य भएका छन्। आफूले सरोकारवाला निकायहरूको बैठकहरूमा बजार व्यवस्थापनका लागि कुरा उठाउने गरेको भएपनि नगरपालिकालगायत अन्य सरोकारवाला निकायहरूले चासो नदेखाएका उद्योग वाणिज्य सङ्घ लालबन्दीका अध्यक्ष कल्याणकुमार जोशीले बताए।

बजार व्यवस्थापन समितिका अध्यक्ष इन्द्र योञ्जनले आफूहरूले काम गरिरहेको र अब ढल निकासको काम बाँकी रहेको बताए। उनका अनुसार ढल निकासका लागि ७ नं वडा कार्यालयले आवश्यक सहयोग नगरेको कारण समस्या सिर्जना भएको र चाहेर पनि आफूले ढल निकासको काम गर्न नपाएको बताए। जनज्योति मावि लालबन्दीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनीष माझीका अनुसार विद्यालयले करीब ४५० वटा सटर र स्टलबाट प्रतिमहीना रु ५०० देखि रु एक हजार ५०० सम्म शुल्क उठाउने गरेको र वार्षिक करीब रु ७५ लाख रकम सङ्कलन हुने गरेको बताए।

ढल निकास नहुँदा सो क्षेत्रमा व्यापारीहरू र सामान खरीद गर्न आउने सेवाग्राहीलाई हिउँदामा धुलाम्मे र वर्षामा हिल्लाम्मे हुने गरेका कारण समस्या भएको भएपनि बजार व्यवस्थापन समिति र विद्यालयबीच तालमेल नमिल्दा काम हुन नसकेको बताए।

त्यसैगरी, ७ नं वडाका अध्यक्ष सुरेन्द्रकुमार न्यौपानेले बजार व्यवस्थापन र सुन्दर बजार बनाउन विभिन्न काम भइरहेको जानकारी दिए।






# विपद् व्यवस्थापन कोषमा आर्थिक सहयोग

प्रस, ठोरी, ११ जेठ/

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडले ठोरी गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा आर्थिक सहयोग गरेको छ।

मङ्गलवार संस्थाको सुवर्णपुरस्थित शाखा कार्यालयका प्रमुख रञ्जयकुमार महतोले ठोरी गापा अध्यक्ष पद्मलाल श्रेष्ठलाई गापा कार्यालय घ्याङ्डाँडामा सहयोग रकम हस्तान्तरण गरेका थिए। छिमेक लघुवित्त संस्थाले ठोरी गापाले कोरोना सङ्क्रमणका लागि गरिरहेको प्रयासमा सहयोग पुगोस् भन्ने उद्देश्यले ११ हजार रुपियाँ आर्थिक सहयोग उपलब्ध गराएको संस्थाका सुवर्णपुर शाखा प्रमुख महतोले जानकारी दिए।

सहयोग रकम बुझ्दै ठोरी गापा अध्यक्ष श्रेष्ठले कोरोना जस्तो विश्वव्यापी महामारी रोकथाममा पालिकाले सकेको प्रयास गरिरहेको बताउँदै यसमा सबै पक्षको सहयोग अपरिहार्य रहेको बताए। उनले छिमेक लघुवित्तलाई सहयोगका लागि धन्यवाद दिंदै सहयोग रकम गापाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा जम्मा हुने र कोरोना सङ्क्रमितको उपचारमा खर्च गरिने जानकारी दिए। कार्यक्रममा गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठ, स्वास्थ्य संयोजक रमेशराज थिङलगायतको सहभागिता थियो।

यस्तै, आज नै सो संस्थाले ठोरी–५ मा रहेको प्रहरी चौकीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। दोस्रो लहरको कोरोना सङ्क्रमण नियन्त्रण तथा रोकथाममा सक्रियरूपमा खटिरहेका प्रहरीलाई सेनिटाइजर, मास्क, साबुन र हातमा लगाउने पन्जालगायतका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको संस्थाका सुवर्णपुर प्रमुख महतोले जानकारी दिए। उनका अनुसार संस्थाले सुवर्णपुर प्रहरी चौकीलाई मास्क ४ सय थान, सेनिटाइजर ५ थान, डिटोल २४ थान र पन्जा १६ थान सहयोग गरेको हो। विषम परिस्थितिमा जनताको सुरक्षाको लागि अहोरात्र खटिएका सुरक्षाकर्मीको स्वास्थ्यमा टेवा पुऱ्याउने उद्देश्यले सहयोग गरेको संस्थाले जनाएको छ।



आर्थिक सहयोग हस्तान्तरण गरिंदै। तस्वीरः प्रतीक

# महोत्तरीमा ५९ जनाको मृत्यु, गाउँ सिल

जलेश्वर, ११ जेठ/रासस

कोरोना महामारीको दोस्रो लहरबाट नराम्ररी प्रभावित महोत्तरी जिल्लामा गए रातिसम्म ५९ जनाको मृत्यु भएको छ। स्वास्थ्य कार्यालय, महोत्तरीले सार्वजनिक गरेको तथ्याङ्क अनुसार कोरोनाको दोस्रो लहरमा अहिलेसम्म जिल्लामा ५९ जनाको मृत्यु भएको छ भने अवस्था निकै भयावह बन्दै गएको छ।

कार्यालयका कोरोना स्रोत व्यक्ति प्रतिभा सिंहका अनुसार कोरोनाबाट ५९ जनाको मृत्यु भइसकेको छ भने आजसम्म कुल एक हजार ८९७ सङ्क्रमित भएका छन्। पैंतीसजना विभिन्न अस्पतालमा उपचारमा रहेका छन् भने बाँकी आआफ्नो घरमा आइसोलेशनमा रहेका छन्। उनका अनुसार २४० ले कोरोना जितेका छन्।

यसैबीच जिल्लाको भङ्गहा नगरपालिकाको एउटै वडामा ५० भन्दा बढी सङ्क्रमित फेला परेपछि सो वडालाई आज बिहानदेखि सिल गरिएको छ।

प्रदेश सरकार
प्रदेश नं. २
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, पर्सा
**वीरगंज**

## सूचना

मिति २०७८/२/३ को प्रतीक दैनिकमा प्रथमपटक प्रकाशित सूचनामा जनशक्ति छनोटको किसिम अन्तर्वार्ता उल्लेख भएकोमा श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं २, जनकपुरधाम, धनुषाबाट स्वीकृत कोभिड प्रयोजनमा चिकित्सक तथा स्वास्थ्यकर्मी करारमा नियुक्ति गर्ने कार्यविधि, २०७८ को ६ (४) को "उपदफा ३ बमोजिम पर्न आएका दफा ७ को छनोट समितिले देहायको आधारमा छनोट गर्ने छ" भनी उल्लेख भएकोले सोही अनुसार छनोट समितिले मूल्याङ्कन गरी करार सम्झौता गर्नको लागि सिफारिश गर्ने हुँदा पदपूर्तिसम्बन्धी सूचनामा उल्लेख भएको अन्तिम म्यादभित्र आवेदन दर्ता गराइसकेका उम्मेदवारहरूले मूल्याङ्कनका लागि आधारका रूपमा तोकिएका प्रमाणपत्रहरू थप पेश गर्नुपर्ने भएमा मिति २०७८/२/१३ गते कार्यालय समयभित्र पेश गर्नु गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तोकिएका प्रमाणपत्रहरू**

| सि. नं. | विवरण | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १) | उम्मेदवारको न्यूनतम शैक्षिक योग्यताबापत | २० अङ्क | |
| २) | माथिल्लो शैक्षिक योग्यताबापत | ५ अङ्क | |
| ३) | यसअघि कोभिड उपचारमा खटिएको भए | १० अङ्क | |
| ४) | पूर्वस्वास्थ्यकर्मी | १० अङ्क | |
| ५) | स्थानीय | ५ अङ्क | |
| | जम्मा | ५० अङ्क | |

## कोरोनाको..........

टार्नसमेत मुस्किल परेको छ। काम गर्ने होटलमा नै दुई छाक खान पाइरहेका उनीहरूको होटल बन्द भएपछि खाने समस्या भएको हो। त्यसैमाथि १२ वर्षीया छोरी भोकाउँदा झनै पीडा थपिने गरेको दासले बताइन्। आँखाभरि आँसु लिंदै दासले भनिन्– "आफ्नो भोकभन्दा पनि छोरीलाई भोकले तडपिएको देख्दा निकै गाऱ्हो हुन्छ।"

## निषेधाज्ञाको........

सम्बन्धित व्यक्तिको खातामा पठाएको बताए। उनले स्थानीय बैंकले साताको चार दिन खोल्ने तैयारी गरिरहेको बताए। भीडभाड कम होस् र एउटै सेवाग्राही दुईपटक बैंक आउनुनपर्ने गरी तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्तासमेत एक साताभित्रै पठाउने अधिकृत मेहता बताए। सो गापाको वडा नं ५ र ४ को सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ भने वडा नं १, २ र ३ को भत्ता वितरण प्रक्रिया बाँकी छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – शत्रुपराजय | कर्कट – ज्ञानोदय |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया